मेरा समस्त अनुयायीहरू स्वर्गमा प्रवेश गर्नेछन्, इन्कार गर्नेहरू बाहेक

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : मेरा समस्त अनुयायीहरू स्वर्गमा प्रवेश गर्नेछन्, इन्कार गर्नेहरू
बाहेक ।" सोधियो: हे अल्लाहका रसूल! इन्कार गर्नेहरू को हुनेछन्? उहाँले भन्नुभयो: "जसले मेरो आदेशको पालना गर्छ उसले स्वर्गमा प्रवेश गर्नेछ र जसले मेरो आज्ञा पालन गर्दैन उसले इन्कार गर्यो ।”
[सही] [बुखारीले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बताउँदै हुनुहुन्छ, मेरा समस्त अनुयायीहरू स्वर्गमा प्रवेश गर्नेछन्, इन्कार गर्नेहरू बाहेक! सहाबाहरूले सोधे: हे अल्लाहको रसूल! स्वर्ग जान कसले इन्कार गर्छ र ?! उहाँले जवाफ दिनुभयो, जसले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को आज्ञापालन र अनुसरण गर्यो उ स्वर्गमा प्रवेश गर्नेछ र जसले आज्ञा पालन गरेन र शरियतको पालना गरेन उसले वास्तवमा आफ्नो खराब कर्महरूले गर्दा स्वर्गमा प्रवेश गर्न अस्वीकार गर्यो ।

http://sunnah.global/hadeeth/ne/show/4947